# भूमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी ३५ दिने सूचना

सुचना । सुचना ।। सुचना ।।।

जिल्ला रुपन्देही गैडहवा गाउँपालिका वडा नं.६ बस्ने फुलेमान मुरावको नाती चन्नर मुरावको छोरा बेचन मुरावले सम्मरीमाई गा.पा. वडा नं. १ बस्ने केशव प्रसाद तिवारीको नाममा नाप नक्सा कायम भएको र दर्ता हुन बाँकी रहेको, चन्नर मुरावको नाममा मोहीयानी हक कायम भइ साविक देखि हालसम्म जोतभोगमा रहेको, केशव मोहन श्रीवास्तवको मिति २०७६/०२/०३ गते मृत्यु भएको, चन्नर मुरावको मिति २०४७/०४/०७ गते मृत्यु भएको, निज चन्नर मुरावको एक मात्र पत्नी मोहराती मुरावको मिति २०५०/०३/१० गते मृत्यु भएको र केशव मोहन श्रीवास्तवको पत्नी विन्दु देवी श्रीवास्तवले मोहियानी हक कायम भएको व्यक्ति श्री चन्नर मुरावको नजिकको हकवाला निजको एकमात्र छोरा बेचन मुरावलाई जग्गा दर्ता गराउन मन्जुरीनामा दिएको हुँदा तपसीलको कित्ता जग्गा जग्गा मालपोत ऐन,२०३४ को दफा ७(२) तथा नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सुचना बमोजिम छुट जग्गा दर्ता गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मिति २०८१/०७/०४ मा भूमिसुधार तथा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन पेश गर्नु भएकोले माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवाला सवैमा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ।

<u>जग्गाको विवरण</u>

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा | कि.नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | सुर्यपुरा | ९ख | १३६ | ०-१२-२ | कैफियत महलमा यो जग्गा मर्चवार पिपरी बस्ने केशव प्रसाद तिवारीको हो हुण्डामा जोति आएको छ उल्लेख भएको | |

इति सम्बत् २०८१ साल मंसिर महिना ६ गते रोज ५ शुभम्